# मण्डनदेउपुर नगरपालिका
**MANDANDEUPUR MUNICIPALITY**
नगर कार्यपालिकाको कार्यालय
**Office of the Municipal Executive**
महादेवस्थान
Mahadevsthan

काभ्रेपलाञ्चोक
Kavrepalanchok
बागमती प्रदेश, नेपाल
BagamatiProvince, Nepal


पत्र संख्या : ०७७।७८
चलानी नं : १२३३

मिति :२०७७।११।०५

**विषय : आ व २०७८।७९ का लागि बेरोजगार व्यक्ति सूचीकरण सम्बन्धमा ।**

श्री सबै वडा कार्यालयहरु
मण्डनदेउपुर न पा ।

उपर्युक्त सम्बन्धमा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको मिति २०७७।१०।२५ को चलानी नं/PMEP/२५८ को निर्णयानुसार आ व २०७८।७९ मा स्थानीय तह मातहत रहेका रोजगार सेवा केन्द्रको समन्वयमा प्रदान गरिने न्यूनतम १०० दिनको रोजगारीमा संलग्न भई सार्वजनिक विकास निर्माणका काममा योगदान गर्न इच्छुक बेरोजगार व्यक्तिहरुले २०७७ फागुन महिना सम्म आफूले स्थायी बसोबास गरेको स्थानीय तहको सम्बन्धित वडा कार्यालयमा उपलब्ध गराइएको अनुसूची १ अनुसारको बेरोजगार फाराम भरी सूचीकृत हुन सम्बन्धित सबैका लागि जानकारीका लागि अनुरोध छ ।

**संलग्न गर्नुपर्ने कागजातहरु**

१ नागरिकता प्रमाणपत्रको प्रतिलिपि र १ प्रति फोटो ।
२ पारिवारिक विवरण फाराममा उल्लेख भए बमोजिम (नाम, जन्म मिति, नागरिकता नं र जारी जिल्ला) ।
३ वार्षिक आयको विवरण (परिवारका कुनै व्यक्तिले सामाजिक सुरक्षा भत्ता र अन्य सुविधा पाए, नपाएको)।
४ निवेदक सहित परिवारका सम्पूर्ण सदस्यहरुको शैक्षिक योग्यता, सीप, दक्षता र अनुभवको विवरण ।
५ बसाँइसराँइ भएमा बसाँइसराँइको प्रमाणपत्रको फोटोकपी ।

**पुनस्च** फाराममा उल्लेखित सम्पूर्ण विवरणहरु अनिवार्य रुपमा भर्नुपर्ने छ । अपुरो फाराम मान्य हुने छैन ।

..................
२०७७।११।५
प्रणराज न्यौपाने
प्रमुख प्रशासकीय अधिकृत
प्रमुख प्रशासकीय अधिकृत

**बोधार्थ**
श्री सूचना तथा प्रविधि शाखा, सूचना प्रकाशन गरिदिनुहुन ।